जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २२५ २०८० साल चैत २९ गते बिहीबार (11 Apr. 2024 Thursday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : एलन मस्कको जीवनबाट ... ३ पृष्ठमा : उपनिर्वाचनका लागि ... ३ पृष्ठमा : बाढीको चपेटामा ...

## दशकौंदेखी लालपूर्जा बिहीन ५१ जनाले पाए लालपूर्जा



**दैनिक समाचारदाता**
**राजविराज, २८ चैत ।**

दशकौंदेखी बसोबास गर्दै आएका जग्गाको लालपुजा नहुदा विभिन्न खाले समस्या झेलिरहेका ५१ जनाले बुधबार धग्गाधनीको लालपूर्जा (जग्गाधनी दर्ता प्रमाण पत्र) प्राप्त गरेका छन् ।

राजविराज नगरपालिका वडा नं. ६ कार्यालयको पहलमा नापी कार्यालयले एक कार्यक्रमबीच उनीहरुलाई लालपूर्जा प्रदान गरेको हो । यसरी लालपूजा पाउनेहरुमा २७ पुरुष र २४ महिला छन् ।

राजविराज नगरपालिका वडा नं. ६ कार्यालयको आयोजना तथा नापी कार्यालय र ३ नम्बर नापी टोली राजविराजको संयोजनमा गरिएको कार्यक्रममा नापी कार्यालयका प्रमुख सुमन किशोर मिश्र, ३ नं नापी टोलीका प्रमुख सतिश कुमार यादव, वडा ६ का अध्यक्ष शशी चौधरी, वडा ८ का अध्यक्ष जयनारायण मण्डल, वडा ७ का अध्यक्ष सुभाष चन्द्र यादव लगायतले जग्गाधनी दर्ता प्रमाण पत्र पुर्जा प्रदान गरेका थिए ।

तत्कालिन बोरिया गाविस हाल राजविराज नगरपालिका ६ मा मात्रै ४ सय भन्दा बढी स्थानीय वासीन्दा जग्गाधनी प्रमाण पत्र पुर्जाबाट बन्चित रहेकोमा आवश्यक प्रक्रिया पुरा गरी पहिलो चरणमा ५१ जनालाइ लालपूर्जा प्रदान गरिएको र बाँकि रहेकाहरुलाई पनि प्रक्रिया पुरा गर्दै क्रमिकरुपमा प्रदान गरिने नापी कार्यालयका प्रमुख मिश्रले जानकारी दिए ।

*बाँकी तीन पृष्ठमा*

## आज ईद-उल फित्र(ईद)को सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, २८ चैत ।**

सरकारले इस्लाम धर्मावलम्बीको पर्व ईद-उल फित्र(ईद)को अवसरमा आज सार्वजनिक बिदा दिएको छ ।

सरकारले हरेक वर्षको ईद-उल फित्र(ईद)का अवसरमा सार्वजनिक बिदा दिँदै आएको छ । यस वर्ष बुधबार आकाशमा चन्द्रमा नदेखिएका कारण ईदको अन्तिम दिन बिहीबार सार्नु परेको मुस्लिम धर्माबलम्बीको भनाइ छ ।

मुस्लिम समुदायमा ईदको अन्तिम दिन बिहानै उठेर नुहाइधुवाइ गरी मस्जिदमा नमाज पढेर धार्मिक मनोभाव आदानप्रदान गर्ने परम्परा छ । साथै मुस्लिम समुदायले आफन्तमाझ अङ्गालो हालेर आत्मियता साट्ने गर्छन् ।

इस्लाम धर्मावलम्वीहरूले रमजान महिनाको ३० दिनको 'रोजा' व्रत आज पूरा गर्दै 'इदउत्रफित्र' मनाउदै छन् ।

केही मुस्लिमले 'इदउलफित्र'को नमाज मस्जिदमा त केहीले 'इदगाह'मा सामूहिक भेला भइ दुई रिकात नमाज पढेर सम्पन्न गर्छन ।

नमाज पूरा गरेपछि एकअर्कालाई अङ्माल गरेर बधाई साटासाट गर्छन भने घरमा विभिन्न परिकार पकाएर खाने गर्दछन् । रमजान महिना उर्दू पात्रोको अनुसार नवौं महिना हो ।

यो पर्वको ७०औं दिनमा बकरिद अर्थात 'इदउलअजहा' पर्व मनाउने गर्दछन् । यस अवसरमा मुस्लिमहरू 'हज' का लागि साउदी अरबको मक्का मदिना जाने पनि गर्दछन् ।

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१

## त्रियुगा सहकारीले ५० औं स्थापना दिवसमा मनायो स्वर्ण जयन्ती



**दैनिक समाचारदाता**
**फत्तेपुर (सप्तरी), २८ चैत ।**

स्थापनाको ५० वर्ष पूरा भएको अवसरमा सप्तरीको फत्तेपुरस्थित त्रियुगा बहुमुखी सहकारी संस्थाले बुधबार स्वर्ण जयन्ती मनाएको छ ।

सप्तकोसी नगरपालिकाको फत्तेपुरस्थित शहिद स्मृति रंगशालामा आयोजना गरिएको उक्त स्वर्ण जयन्तीमा लोपन्मुख पञ्चेबाजा, किराँत नाच, नेवा, मगर, थारु नाँच-झाँकी प्रस्तुत गरिएको थियो ।

सहकारीका अध्यक्ष चन्देश्वर चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष ओमदेवी मल्लले ५० वर्षदेखि आफ्नो गरिमा कायम राख्न सफल भएका त्रियुगा सहकारीको नक्कल गर्न मुलुकका अन्य सहकारी सञ्चालकहरुलाई सुझाव दिईन् ।

झण्डै ४ हजार ४० शेयर सदस्य रहेको त्रियुगा सहकारीले हालसम्म ४४ करोड ५३ लाख ७५ हजार रुपैयाँ ऋण लगानी गरेको छ भने हालसम्म ४५ करोड ९८ लाख २६ हजार बचत गरेको सहकारीका सल्लाहकार समितिका अध्यक्ष खगेन्द्र कार्कीले जानकारी दिए । उक्त सहकारीको ५ करोड ११ लाख ३४ हजार कुल शेयर पुँजी रहेको छ ।

कार्यक्रममा सहकारीका पुर्वअध्यक्षहरु, बृद्ध सेयर सदस्यसहितकालाई सम्मान गरिएको थियो ।

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एलन मस्कको जीवनबाट सिक्ने कि ?

**नेत्र सुवेदी 'प्रयास'**

काठमाडौं, २८ चैत (रासस)।

समकालीन विश्वमा एलन मस्कको नाम नसुन्ने व्यक्ति कमै होलान्। वर्तमानमा आफ्नो कामबाट सारा विश्वलाई प्रभाव पार्न सफल व्यक्ति हुन् उनी। उनी खासगरी उद्यमी युवाको माझ त लोकप्रिय छँदैछन्, त्यसमा पनि उनले हालसम्म हासिल गरेका सफलता र ती सफलताका लागि गरेको सङ्घर्ष तथा लगानीकर्ताको मन जित्नमा पाएको सफलता हेर्दा उनको प्रगतिमा रिस गर्नेहरू पनि कम छैनन्। उनी इन्जिनियर मात्र होइनन् कि नवीकरणीय ऊर्जाबाट चल्ने सवारी साधन एवम् मानवतामैत्री आर्टिफिसियल इन्टेलिजेन्सका समेत वकालतकर्ताका साथै लगानीकर्ता समेत हुन्। उनले नयाँ नामकरण गरेको एक्स अर्थात् ट्विटर एउटा चर्चित नेटवर्क साइट हो। ट्विटर र टेस्ला कम्पनीका माध्यमबाट सङ्कलित डाटा पनि समग्र विश्वकै लागि एउटा ठूलो स्रोत हो, ऊर्जा हो। प्रविधिलाई साधन मान्ने हो भने डाटा चाहिँ सो साधनमा प्रयोग हुने इन्धन वा ऊर्जा नै हो।

सन् २०२३ सेप्टेम्बर १२ मा एलन मस्कको बायोग्राफी बजारमा आयो। जीवनी पुस्तक उनले आफैँले भने लेखेका होइनन्। उनका बारेमा जानकारी राख्ने र एकनामी लेखकको चिनारी बनाइसकेका व्यक्तिले प्राप्त सूचनाका आधारमा उक्त बायोग्राफी तयार पारेका हुन्। सिएनएन र टाइमका पूर्वकार्यकारी अधिकृत वाल्टर आइज्याक्सन नै ती व्यक्ति हुन् जसले मस्कको बायोग्राफी तयार पारे। उनै व्यक्तिले यसअघि पनि लियोनार्दो द भिन्ची, बेन्जामिन फ्राङ्कलिन, अल्बर्ट आइन्स्टाइन, स्टिभ जब्सको समेत जीवनी लेखन गरिसकेका छन्।

विद्युतीय सवारी साधन, निजी तवरबाट अन्तरिक्षको खोजी र आर्टिफिसियल इन्टेलिजेन्सको दबदबाको समयमा यी तीनवटै विषयमा लगानी गरी सफल समेत भएका टेकआइकन हुन् एलन मस्क। दक्षिण अफ्रिकाको प्रिटोरियामा सन् १९७१ जुलाई २८ मा जन्मेका उनी १७ वर्षको उमेरमा क्यानाडा र पछि अमेरिकामा बसोबास गरेका हुन् भने उनले गरेको खोज, अध्ययन, जोखिमसहितको काममा रमाउने र लगानीबाट भएको प्रतिफलकै आधारमा संसारकै धनी व्यक्ति समेत बन्न सफल उनी सन् २००८ यता निरन्तर चर्चामा रहन सफल छन्।

**एलन मस्क संलग्न रहेका कम्पनी**

भनिन्छ कि उनी कलेज पढ्दै गर्दा ब्लास्टर नामक सफ्टवेयर बनाएर बेचेका थिए। उनले लगानी गरेको पहिलो कम्पनी जिपटु हो जसलाई कम्प्याक कम्पनीले खरिद गरेको थियो। तत्पश्चात् सुरुमा एक डटकम नाम रहेको र पछि पेपल नामकरण भएको कम्पनीको खासगरी वित्तीय विश्वमा बदलाव ल्याउने उद्देश्यका साथ स्थापना भएको थियो। दुई वर्षमा दुई लाखभन्दा बढी प्रयोगकर्ता भए। आफ्नो उद्देश्यमा कम्पनी सफल भयो र पछि त्यो कम्पनी पनि ठूलो रकममा बिक्री भयो। यसपछि उनी लसएन्जल्स गए, जहाँ उनले आफ्नो रुचि रहेको अन्तरिक्ष यान सम्बन्धमा अध्ययन गर्न र काम गर्न पाए। उनले अन्तरिक्ष यानसम्बन्धी कम्पनी स्पेश एक्सको स्थापना सन् २००२ मा गरे। सफल प्रयोगपछि नासाले पनि उनको कम्पनीलाई समेत सहकार्यका लागि अनुमति दियो।

न्युरालिङ्क पनि मस्कले अघि बढाएको एउटा परियोजना हो, जसमा मानव ब्रेनमा माइक्रो चिप्स जडान गर्ने लक्ष्य लिइएको थियो। यसको पहिलो प्रयोग सफल भएको भनेर उनले सन् २०२४ जनवरी ३० मा पुष्टि गरेका छन्। यसको लागत सम्बन्धमा विवादहरू भएता पनि अमेरिकी डलर १० हजारमा एउटा चिप्स जडान हुने बताइएको छ। त्यसैगरी, इन्टरनेट सेवालाई सरल र सहज बनाउनका लागि उनले लोअर्बिट स्याटेलाइटका रूपमा स्टारलिंक सञ्चालनमा ल्याएर यसमा जोडिन विश्वव्यापी रूपमा आग्रह समेत गरेका छन्।

एआईका सम्बन्धमा पनि उनको चासो छ। जुनसुकै प्रविधि आफैँले राम्रो काम गर्दैन यसका लागि त मानवीय सक्रियता आवश्यक पर्दछ। यदि हामी सजग भएनौँ र सुरक्षाका प्रबन्ध अपनाएनौँ भने एआइले मानवलाई प्रतिस्थापन गर्ने जोखिम छ। उनी संलग्न रहेको ओपन एआईको रिसर्च ल्याब स्थापनाको लक्ष्य भनेकै एआईलाई मानव हित हुने गरी सुरक्षित तवरले विकास गर्ने सम्भावना बढाउनु हो। मस्कको विचारमा एआईको दुरुपयोग गर्नबाट रोक्ने सबभन्दा गतिलो उपाय भनेको बढीभन्दा बढी मानिसहरूको सशक्तीकरण गर्नु हो।

भनिन्छ कि उद्यमी हुने हो भने जोखिम लिन डराउन हुँदैन। मस्क जोखिमयुक्त काम गर्न सदा इच्छुक देखिन्छन्। उनले प्रारम्भ गरेका कम्पनीको प्रकृति हेर्दा जोखिमसँगै खेलेर अगाडि बढेको देखिन्छ। जोखिमको पूर्वानुमान गर्ने र जोखिम व्यवस्थापन गर्ने उनको क्षमता विशेष नै लाग्दछ। यसबाट उनले फाइदा लिन सकेका पनि छन्। २००० वर्ष अगाडि एरिष्टो टलले अगाडि सारेको फस्ट प्रिन्सिपल थिङ्किङ भन्नाले कुनै पनि चिजको मूलभूत आधारहरूको ज्ञान भन्ने बुझिन्छ। धेरैले यो सिद्धान्तको प्रयोग गरेको भएता पनि एलन मस्कले स्पेश एक्समा गरेको प्रयोगलाई सबैले बुझ्दछन्। उनले अन्तरिक्ष यानको मूल्य के कसरी घटाउन सकिन्छ भनेर यो थिङ्किङको प्रयोग गरेका थिए।

एलन मस्क एक इन्जिनियर अनि एक सफल उद्यमी मात्र रहेनन्। उनी त विश्वकै धनी व्यक्ति पनि बने। सन् २०२१ सेप्टेम्बर २७ मा टेस्लाको कमाई अरूको भन्दा अगाडि आयो। पछि यो कम्पनीको बजार मूल्य घटेको हुँदा उनी धनी व्यक्ति भइरहन सकेनन् तर उनी बढी धनी १० जनामा अहिले पनि छन्।

**एलन मस्कको जीवनबाट सिक्नुपर्ने विषय**

असफल हुनासाथ नआत्तिने र धैर्यतापूर्वक त्यसबाट के कसरी बाहिर निस्कने र सफल कसरी बन्ने भन्ने रणनीति बनाउन सक्ने र निरन्तर आफ्नो मिसनमा अग्रसर हुने व्यक्तिका रूपमा एलन मस्क चिनिन्छन्। टेलिफोन बुकको अवधारणामा स्थापना भएको जिपटु नामक कम्पनीमा शुरुमा लगानी जुटाउन धौधौ परेको भएता पनि यसको अनलाइन भर्सन थालनी भएपछि लगानी जुट्यो र उनले यसबाट नाफा कमाएरै छाडे। उनको नवीन क्षमताकै कारण पेपल नामक कम्पनीमा सहलगानी गर्ने अवसर जुट्यो।

सन् १९९९ मा पेपललाई सबभन्दा कमजोर व्यावसायिक आइडिया भनेर समेत प्रचार गरियो तर यसलाई प्रयोगकर्ताको पक्षबाट इनोभेट गरेर अनलाइन वा लेटको रुप दिएपछि भने यसले सफलताको भऱ्याङ्ग चढ्यो। टेस्ला नामक कम्पनी डुब्नै लाग्दा र स्पेश एक्स लगभग अब डुब्यो भनेपछि पनि उनले जसोतसो लगानी जुटाए र अगाडि बढ्ने क्रममा यी दुवैदुवै कम्पनी चर्चाको शिखरमा पुगे र सफल पनि बने। उनको ट्विटरमा रहेको संलग्नता पनि विवादमुक्त रहेन। तथापि उनले ट्विटरलाई पनि चर्चामा ल्याउन सके। यी उदाहरणबाट के देखिन्छ भने यदि आफ्नो रुचिको क्षेत्रमा स्वप्रेरित भएर लागि पऱ्यो भने सफलता टाढाको विषय होइन।

उनको जीवनबाट पाइने आठवटा सन्देशलाई यसरी बुँदामा राख्न सकिन्छ :

- असफलता र त्यसले दिने पीडाबाट सिक। असफलताबाट सिक्दै र धैर्यतापूर्वक कमजोरी हटाएर अगाडि बढ्नु उपयुक्त बाटो हो। यदि असफलता झेल्न सिकिएन भने नवप्रवर्तनकारी बन्न सकिदैन।
- विज्ञ र पुस्तकबाट सिक। कम्पनी वा सङ्गठन राम्रो हुने भनेको राम्रा व्यक्तिहरूबाट नै भन्ने विश्वास उनीमा देखिन्छ।
- महत्वाकाङ्क्षी लक्ष्य निर्धारण गर। निजी तवरबाट स्थापना गरिएको स्पेश एजेन्सीले मङ्गल ग्रह कब्जा गर्ने र भविष्यका लागि वैकल्पिक वस्तीको विषय उठान गर्नु कम्ती महत्वाकांक्षी हैन तर उनको क्षमता हेरेर यो विषयलाई उत्सुकतापूर्वक हेरिरहेका छन्। यसरी लक्ष्य राख्दा लामो समयपछि परिणाम आउने प्रोजेक्टका लागि पनि हेरेर अल्पकालीन फाइदाका लागि मात्र मरिमेट्नु हुँदैन भन्ने उनका लक्ष्यहरूले सिकाउँछन्।
- आफ्नो कामको जिम्मा आफैं लिने गर। आफ्नो जिम्माको काममा हरेक पक्षको जानकारी राख्ने र परिणामप्रति आफुले जिम्मेवारी लिने गर्नु जीवनकै ठूलो कला हो। जुन कुरा गर्नु जरुरी छ त्यो काम तुरुन्त गर। महत्वपूर्ण काममा ढिलाई गर्दा आफू त पछाडि परिन्छ नै। अर्को सोही कामको लागत पनि बढी पर्ने हुन्छ।
- काम गर्ने तरिकालाई सरलीकृत गर। परिवर्तनमा रमाऊ। काम गर्ने तरिका परिवर्तन गरेर पनि आफ्नो प्रोजेक्ट या भनौँ जीवनलाई सरल बनाउन सकिन्छ।
- आफूमा विश्वास राख। आफ्नो सोँच वा लक्ष्यप्रति विश्वास राख्दै निरन्तर र कडा परिश्रमका साथ लागिपर्नु आवश्यक छ। "म गर्न सक्छु" भन्ने दृढ अठोट राख्नु सफलताका लागि महत्वपूर्ण छ।
- हरेक नयाँ काम र आवश्यकता उपर प्रश्न गर। स्वभावतः जुन आवश्यक छ भनिएको छ त्यो गलत हुन्छ। जबसम्म आवश्यक छ भनेर सत्य सावित नभएको होस्।

एलन मस्कले विभिन्न समय र क्रममा अभिव्यक्त गरेका केही भनाइबाट समेत उनको जीवन मार्ग र विचारका सम्बन्धमा अनुमान लगाउन तथा केही सिक्न सकिन्छ। केही भनाइहरू यहाँ समेट्न खोजिएको छ :

-सामान्य व्यक्तिमा समेत असमान्य व्यक्तित्व बन्ने सम्भावना रहन्छ।
- यदि असफलताको अपेक्षा गर्दैनौं भने बुझे हुन्छ कि तिमी नवप्रवर्तनशील छैनौं।
- सुन्दर र मानवीय भविष्यको लागि अहिले रहेका कतिपय समस्याको समाधानमा मेरो जोड छ। म पैसैका लागि मरिमेट्ने गर्दिन।
- अन्तत्वगत्वा म मङ्गल ग्रहमा मर्न चाहन्छु।
- लामो समय पर्खने कामका लागि हाम्रो जीवन छोटो छ।
- आर्टिफिसियल इन्टिलिजेन्सको माध्यमले हामी राक्षसलाई काबुमा ल्याउँदैछौं।
- धैर्यता निकै राम्रो गुण हो, म धैर्यवान् बन्न सिकिरहेको छु।
- कुनै काम सम्भव छ भन्ने स्थापित गर्नु पहिलो पाइला हो, त्यसपछि त काम बन्ने सम्भावना हुन्छ नै।
- कतिपय अवस्थामा कुनै व्यक्तिको ब्रेनलाई ज्यादा र उसको व्यक्तित्वलाई कम महत्व दिनु मेरो त्रुटी हो।
- यो संसारमा धेरै राम्रा पुस्तक र मानिसहरू छन्। म पुस्तक पढ्छु र मानिसहरूसँग सल्लाह लिन्छु, सिक्छु।
- सरकारले लगानी गर्छ भनेको सर्वसाधारण जनताकै तर्फबाट लगानी हो किनकि सरकारसँग हुने भनेकै जनताले तिर्ने कर वा शुल्कको पैसा हो।

**फेरि पनि उनकै कुरा**

'स्पेसएक्स'को स्थापनाअघि उनले ८० प्रतिशत मेहनत इन्जिनियरिङको अध्ययन र प्रयोगमा व्यतीत गर्थे भनिएको छ। उनले स्वयम् अध्ययनबाटै स्पेसक्राफ्टका चिफ इन्जिनियर भएका हुन्। भनिन्छ कि उनले एक महिनामा ६० वटासम्म पुस्तक अध्ययन गरे। एलन मस्कको हालसम्मको जीवनबाट भनौँ या उनको जीवनशैली, अभिव्यक्ति, जीवन भोगाइबाट सिक्ने बुझ्ने र अवलम्बन गर्ने भनेको जीवनलाई कसरी महत्वपूर्ण तर नवीन क्षेत्रहरूमा प्रवेश गराउने, मानव मात्रका लागि कसरी उपयोगी हुने गरी काम गर्ने तथा जरुरी कामहरूमा के कसरी प्रस्तुत हुने भन्ने नै देखिन्छ। उनीमा घमण्ड देखिँदैन तर काम गर्ने दृढ इच्छा शक्ति भने पाइन्छ। विश्वविद्यालयको कक्षामा नगएर पनि सिक्न सकिन्छ भन्ने सिद्ध गर्ने उनी थप एक उदाहरण हुन्। भनिन्छ कि एलन मस्कको माइन्डसेट एवम् उद्यमी र काम गर्ने तरिका नै समस्या समाधान गर्ने खालको छ। भविष्यमा पनि मानव मात्रको हितका लागि उनका सफलताका कथा पढ्न पाइने आशा गर्न सकिन्छ। (लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता हुनुहुन्छ)

# प्रतिपक्षको अवरोधपछि प्रतिनिधिसभा बैठक स्थगित

काठमाडौं, २८ चैत (रासस)।

प्रतिनिधिसभाको बुधबारको बैठक सहकारीको रकम अनियमिततताका विषयमा संसदीय छानबिन समिति गठनको माग गर्दै प्रतिपक्षी दलहरू नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले अवरोध गरेपछि स्थगन भएको छ।

प्रतिपक्षी सांसदहरूले उक्त प्रकरणमा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले राजीनामा दिनुपर्ने र संसदस्यीय छानबिन समिति गठन गर्नुपर्ने माग गरेर आ-आफ्नो स्थानबाट उठेपछि सभामुख देवराज घिमिरेले उठेका विषयमा सरकार र सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदै बैठक सञ्चालनमा सघाउन आग्रह गर्नुभएको थियो तर विपक्षी सांसदले बैठक चल्न नदिने अडान लिएपछि सभामुख घिमिरेले बुधबारका लागि निर्धारित कार्यसूची हटाइ बैठक स्थगन गर्नुभयो।

बैठकको प्रारम्भमै प्रतिपक्ष दलका सांसदहरूले उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेका कारण सहकारीपीडितले न्याय पाउन नसकेको आरोप लगाउनुभयो भने सत्तापक्षका सांसदहरूले बिना आधार व्यक्तिकेन्द्रित भएर प्रहार नगर्न आह्वान गर्नुभयो।

कांग्रेसका सांसद रामहरि खतिवडाले गृहमन्त्री लामिछानेका कारण पोखराको सूर्यदर्शन सहकारीका पीडितलाई न्याय दिन र त्यसमाथि छानबिन गर्न बाधा उत्पन्न भएकोमा आशङ्का व्यक्त गर्नुभयो। "काठमाडौँबाट नेपाल प्रहरीको सिआइबीले पोखरामा छानबिनका लागि दुई जना अधिकृतलाई पठाइयो। छानबिनले अहिलेका गृहमन्त्री सहकारी ठगीमा संलग्न भएको रिपोर्ट तयार गर्दै थियो समीकरण परिवर्तन भएपछि यो रिपा र्स्ट पनि परिवर्तन गर्न काममा लाग्यो भन्ने हामीलाई आभास भयो", सांसद खतिवडाले भन्नुभयो, "जसको बारेमा छानबिन हुँदै थियो उहाँनै त्यसै संस्थामा गृहमन्त्री भएर आउनुभएपछि छानबिन प्रक्रिया रोकियो र सहकारीपीडित झन पीडित हुने अवस्थामा गए भन्ने आशङ्का उत्पन्न भयो।" दोषीलाई उम्काउने काम सरकारबाट भएको भन्दै छानबिन समिति गठन गर्न माग गरेको उहाँको भनाइ थियो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद सूर्यबहादुर थापा क्षेत्रीले सहकारीको बचतकर्ताको बचत अपचलनको विषय ठगीको विषय भएको भन्दै बचतकर्ता नठगिने स्थितिको सुनिश्चितता सरकारले गर्नुपर्ने माग गर्नुभयो। उहाँले सूर्यदर्शन सहकारीको विषय अदालतमा विचाराधीन भएका कारण सदनमा बहस नगर्नसमेत सुझाव दिनुभयो।

"सूर्यदर्शन सहकारीसम्बन्धी यो विषय कास्की जिल्ला अदालतमा विचाराधीन छ। संविधानबमोजिम सदनमा अदालतमा विधाराधीन विषय बहसको विषय हुँदैन भन्ने कुरा थाहा छ। तर यो विषय थाहा पाएर पनि उठाइरहेका छौँ", उहाँले भन्नुभयो, "तर समस्यामा छलफल गरेर निष्कर्षमा पुग्नका लागि होइन। प्रतिपक्षको भूमिकामा हामीले यो विषय उठाएका थियौँ।"

सांसद माधवप्रसाद सापकोटाले संसद्को बहसलाई राजनीतिक दलका नेता एवं सांसदहरूलाई आपसमा विवाद र आरोप लगाउनमा समय खेर फाल्न नहुनेभन्दै सचेत गराउनुभयो। "आज हामी जे गरिरहेका छौँ। आगामी पुस्ताले सकारात्मक रूपमा मूल्याङ्कन गर्नसक्ने गरी संसद्भित्रको अभयास र नजिर स्थापित गरिनुपर्छ", उहाँले भन्नुभयो। उहाँले रचनात्मक र सिर्जनात्मक रूपमा सदनमा प्रस्तुत हुदै सदनलाई बहसको थलो बनाउनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिस झाले सदनमा बिना आधार व्यक्ति केन्द्रित भएर प्रहार गर्न नहुने बताउनुभयो। "सदनको नियमावलीमा सदनमा कुनै व्यक्तिप्रति पटक-पटक निराधार लाञ्छना लाउन पाइदैन। कानुनले कुनै निर्णय दिइसकेको छैन सुरक्षा निकायले आफ्नो सूचना दिइसक्यो। देशको प्रधानमन्त्रीले सदनमा आफ्नो अभिव्यक्ति दिइसक्नुभयो", उहाँले भन्नुभयो, "चौकीमा गएर कसैले दिएको उजुरी जुन दर्ता भएको छैन। त्यसको आधारमा पटक-पटक कुनै व्यक्तिप्रति गरिएको प्रहारप्रति हाम्रो आपत्ति छ।" उहाँले आफूहरू सुशासनको प्रत्याभूतिको लागि प्रतिबद्ध रहेको बताउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानेन्द्रबहादुर शाहीले गृहमन्त्री लामिछानेले निशेधाज्ञा जारी गर्नु अभिव्यक्तिको स्वतन्त्रतामा प्रहार गरेको आरोप लगाउनुभयो। उहाँले मङ्गलबार राप्रपाको प्रदर्शनीमा आफ्ना कार्यकर्तामाथि गृहमन्त्रालयबाट ज्यादति भएको समेत आरोप लगाउनुभयो। "हामी शान्तिपूर्ण आन्दोलनमा विश्वास राख्छौं। तर हिजो भएको प्रदर्शनीमा हाम्रो १८ जना कार्यकर्तामाथि सुरक्षाकर्मीको प्रहारले अस्पताल भर्ना हुनुभएकोछ", उहाँले भन्नुभयो।

प्रतिनिधिसभाको अर्को बैठक आगामी वैशाख २ गते आइतबार बिहान ११ बजे बस्नेछ।

# राजबिराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

राजविराज, सप्तरी, मधेश, प्रदेश, नेपाल

प.सं. ०८०।८१
च.नं. :

मिती :- २०८०।१२।२८

सूचना सूचना सूचना

उपरोक्त सम्बन्धमा **लेखनाथ आर्दश पुस्तकालयमा रहेको पसल कवल कोठा भाडामा लगाउने** मिति २०८०।१२।२८ गतेको निणर्य अनुसार तपसिल बमोजिमको नाउमा स्वीकृत भएको हुँदा कसैको हक दावी आपती छ भने सूचना प्रकाशित मिति देखी ७ सात दिन भित्र निवेदन दिन हुन जानकारी गराईन्छ । अन्यथा त्यस उपरान्त तपसिल बमोजिमको नाउँमा सम्झौता गरि दिने छ र पछि कुनै उजुर बाजुर लाग्ने छैन भने यसै सूचना मार्फत सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | लेखनाथ आर्दश पुस्तकालय भित्रको पसल कवल कोठा कबोल गरेको नाम | न्युनतम कोठा भाडा रु | कबोल गरेको कोठा भाडा रु | धरौटी ५% बुझाएको छ/छैन | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिलिप ट्रेडर्स, रा.वि. ७ | ५०००।०० | १२,५००।०० | छ | |
| २ | आर, एस. कन्सर्न, रा.वि. ३ | ५०००।०० | १२,१००।०० | छ | |
| ३ | लक्ष्मी कुमारी साह ट्रेडर्स, रा.वि. ७ | ५०००।० | १०,०२५।०० | छ | |
| ४ | अनिल कुमार पेडिवाल एण्ड ब्रदर्स, रा.बि. ७ | ५०००।०० | १०,०००।०० | छ | |
| ५ | एम.डि.ट्रेडर्स एण्ड सप्लायर्स, रा.वि. ४ | ५०००।०० | ९,५००।०० | छ | |
| ६ | श्री सिंह ल-फर्म, रा.वि. ७ | ५०००।०० | ८,०२५।०० | छ | |
| ७ | ए.पि.ट्रेडर्स, रा.वि. ७ | ५०००।०० | ८,०००।०० | छ | |
| ८ | भवानी किराना पसल, रा.वि. ७ | ५०००।०० | ८,०००।०० | छ | |
| ९ | सिंह कानूनी केन्द्र, रा.वि. ७ | ५०००।०० | ८,०००।०० | छ | |
| १० | नयाँ नेपाल ल-च्याम्वर, रा.वि. ७ | ५०००।०० | ७,५००।०० | छ | |
| ११ | मनोकामना मोटर साईकल सर्भिसिङ्ग, रा.वि.८ | ५०००।०० | ७,१००।०० | छ | |
| १२ | विधि सरोकार केन्द्र, रा.वि. ७ | ५०००।०० | ७,०००।०० | छ | |
| १३ | श्री ओम शान्ति ल-फर्म, रा.वि. ७ | ५०००।०० | ७,०००।०० | छ | |
| १४ | श्रेष्ठ कोल्ड स्टोर, रा.वि. ८ | ५०००।०० | ६,५००।०० | छ | |
| १५ | समाज कल्याण कानूनी सेवा केन्द्र, रा.वि. ७ | ५०००।०० | ६,०००।०० | छ | |
| | **बैकल्पीक** | | | | |
| १६ | जन सरोकार भु-सेवा केन्द्र, रा.वि. ७ | ५०००।०० | ६,०००।०० | छ | |
| १७ | खुशी ल-हाउस, रा.वि. ६ | ५०००।०० | ५,५००।०० | छ | |
| १८ | रुची ल-फर्म, रा.वि. ६ | ५०००।०० | ५,२००।०० | छ | |

| सि.नं. | लेखनाथ आर्दश पुस्तकालय रोड साईडको पसल कवल कोठा कबोल गरेको नाम | न्युनतम कोठा भाडा रु | कबोल गरेको कोठा भाडा रु | धरौटी ५% बुझाएको छ/छैन | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजविराज सगरमाथा ल-फर्म, रा.वि. ३ | ८०००।०० | १५,५००।०० | छ | |
| २ | ऊ साई जनरल स्टोर, रा.वि. ७ | ८०००।०० | १५,१००।०० | छ | |
| ३ | संगिता स्टेशनरी एण्ड जनरल स्टोर, रा.वि. ७ | ८०००।०० | १५,०००।०० | छ | |
| ४ | धर्मराज ल-फर्म, रा.वि. ७ | ८०००।०० | १४,१००।०० | छ | |
| ५ | जय गुरुदेव कानूनी परामर्श सेवा केन्द्र, रा.बि. ७ | ८०००।०० | १२,९९९।०० | छ | |
| ६ | मनिषा फोटो कापी एण्ड स्टुडीयो, रा.वि. ७ | ८०००।०० | १२,५००।०० | छ | |
| ७ | होटल माउण्ट ब्लु, रा.वि. ६ | ८०००।०० | १२,५००।०० | छ | |
| ८ | लेखनाथ किराना पसल, रा.वि. ७ | ८०००।०० | १२,०००।०० | छ | |
| ९ | कोमल कम्प्युटर एण्ड प्रिन्टीङ्ग, रा.वि. ७ | ८०००।०० | ११,१११।०० | छ | |
| १० | बाबा नरसिंह नास्ता पसल, रा.वि. ७ | ८०००।०० | ११,००५।०० | छ | |
| ११ | सोसल लिगल रिसर्च सेन्टर, रा.वि. ७ | ८०००।०० | १०,५२१।०० | छ | |
| | **बैकल्पीक** | | | | |
| १२ | रेखा फोटो कापी, रा.वि. ७ | ८०००।०० | १०,०००।०० | छ | |
| १३ | जय गरुदेव कृषि सहकारी संस्था, रा.वि. १ | ८०००।०० | ९,६०५।०० | छ | |
| १४ | जन कानूनी सेवा केन्द्र, रा.वि. ७ | ८०००।०० | ९,५००।०० | छ | |
| १५ | राम जानकी मेडिकल हल, रा.वि. ७ | ८०००।०० | ९,१०५।०० | छ | |
| १६ | हड्डा अदालत लेखापढी, रा.वि. ७ | ८०००।०० | ९,०००।०० | छ | |
| १७ | राजविराज कानूनी सेवा केन्द्र, रा.वि. ७ | ८०००।०० | ९,०००।०० | छ | |
| १८ | पुजा कानूनी सेवा केन्द्र, रा.वि. ७ | ८०००।०० | ९,०००।०० | छ | |
| १९ | बैष्णवी ल-फर्म, रा.वि. ७ | ८०००।०० | ८,५००।०० | छ | |
| २० | इन्दिरा कानूनी सेवा केन्द्र, रा.वि. ७ | ८०००।०० | ८,५००।०० | छ | |
| २१ | घिमिरे कानून उपचार तथा परामर्श सेवा, रा.वि. ७ | ८०००।०० | ८,२००।०० | छ | |
| २२ | ऊ नम शिवाय कानूनी सेवा तथा परामर्श केन्द्र, रा.वि. ६ | ८०००।०० | ८,१००।०० | छ | |

विष्णु प्रसाद गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*